# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

## सानीभेरी राजपत्र

खण्डः ७ संख्या :१८ मितिः २०८१/०२/३२


# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

।

# सानीभेरी गाउँपालिकाको स्थानीय रोजगार रणनीति

## (आ.व. २०८०/८१ देखि आ.व. २०८४/८५ सम्म)

### (अद्यावधिक २०८१/०२/३०)

**<u>विषय सूची</u>**

खण्ड- १ रणनैतिक सन्दर्भ

१. पृष्ठभूमि

२. रोजगार रणनीतिको आवश्यकता

३. अध्ययन पद्धति

४. क्षेत्र

५. सीमा

खण्ड- २ वर्तमान अवस्था, अवसर र चुनौती विश्लेषण

खण्ड-३ दिर्घकालिन सोच, लक्ष्य र उद्देश्य

खण्ड-४ रणनैतिक स्तम्भ र कार्यनीति

खग्य-५ श्रोत व्यवस्थापन, संस्थागत संरचना र जोखिम

**अनुसूचीहरू**

## खण्ड -१ रणनैतिक सन्दर्भ (Strategic Context)

## १. पृष्ठभूमि

सोह्रौं योजनाले उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षालाई संरचनात्मक रुपान्तरणका प्रमुख क्षेत्र तथा रुपान्तरणकारी नीतिमा समेट्दै बेरोजगारीको दरलाई ११.४ बाट ५ प्रतिशतमा झार्ने र बाध्यकारी श्रमको दरलाई शून्यमा झार्ने लक्ष्य लिएको छ । दिगो आर्थिक वृद्धि र गरिवी न्यूनीकरणका लागि उत्पादनशील रोजगारी अति महत्वपुर्ण आधार मानिएको छ । विश्वका प्रमुख नीति निर्माताले आफ्नो प्रमुख विकास नीतिका रुपमा सबैकालागि पुर्ण र उत्पादनशिल रोजगार रणनीतिलाई अघि सारेका छन् ।

नेपालको संविधान २०७२ ले मोलिक हकको रुपमा रोजगारिको हकलाई व्यवस्था गरेको छ ।नेपालको संविधानको धारा ५१(झ) मा श्रम र रोजगार सम्बन्धि नितिको व्यस्था रहेको छ । सो नीतिमा सबैले काम गर्न अधिकारको सुनिश्चित गर्ने, श्रमशक्तिलाई दक्ष र व्यवसायीक बनाई देशमै रोजगारीको सिर्जना गर्ने तथा श्रमलाई मर्यादित र व्यवस्थित गर्ने तथा वैदेशिक रोजगारीबाट प्राप्त सिप, पुँजी, प्रविधि र अनुभवलाई स्वदेशमै परिचालन गर्न प्रोत्साहन गर्ने लक्ष्य लिइएको छ ।

नेपालको संविधान २०७२ को आधारमा रोजगारिको हकलाई सुनिश्चित तथा व्यवस्थित गर्न रोजगारीको हक सम्बन्धी ऐन २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को व्यवस्था गरिएको छ । यसै संविधानमा टेकेर श्रमिक र रोजगारदाताको अधिकारलाई सुनिश्चित गर्न नेपाल सरकारले श्रम ऐन २०७४ को व्वस्था गरेको छ ।यि सबै कानुनी आधारमा रहि राष्ट्रिय रोजगार नीति २०७१को व्यवस्था लगायत रोजगारीको विषयलाई स्थानीय तहबाट सहकार्य, समन्वय र सहजिकरण गर्नको लागि सानीभेरी गाउँपालिकाको रोजगार रणनीति वांछनिय देखिएको हो ।

देशले नै पछिल्लो दशकमा मात्र भूकम्प, कोभिड १९, बन्दाबन्दी जस्ता समस्याहरु लगातार झेल्नु पर्नाले चौधौं योजनाले राखेको सुख र समृद्धिको लक्ष्य सिमिततामा सिमित रहेको छ । भखरैको जाजरकोट रामिडाँडा केन्द्र भई गएको भूकम्पले त झन हाम्रो सानीभेरीलाई रोजगारी लगायत समग्र क्षेत्रमा विशेष संकट सिर्जना गरिदिएको छ । यस किसिमको संकटको सामना गर्दै जिविकोपार्जनमा समस्या भएका तथा सीप तथा अवसरबाट वंचित रहेका सबै नागरिकको रोजगारीको हक अधिकारलाई सुनिश्चित गर्न रणनीतिक रुपमा अघि बढ्नु पर्ने देखिन्छ ।

दीर्घकालीन सोचले राखेका आर्थिक वृद्धिदर, निरपेक्ष गरिबी दर, श्रममा सहभागीता र रोजगारीमा औपचारिक क्षेत्रको योग्दान जस्ता लक्ष्य हाँसिल गर्न स्थानीय स्तरबाट रणनीतिक ढंगले अघिबढ्नु पर्ने देखिन्छ । रोजगारी र देशको आर्थिक वृद्धि अन्योन्याश्रीत रहेकोले स्थानिय सरकारले पनि राज्यले राखेको नीति पुरा गर्न रोजगार रणनीतिको व्वस्था गरि व्यवस्थित रुपले कार्यान्वयनमा लागि पर्नु पर्ने देखिन्छ ।

## २. रोजगार रणनीतिको आवश्यकताः

२.१ वर्तमान गरिबि तथा बिपन्नताको चुनौतिहरुको सामना गर्न र समस्याको समाधान गर्न सानीभेरी गाउँपालिकाको रोजगार रणनीति निर्माण गर्न आवश्यकता देखिएको हो । यो परिस्थितिलाई सम्बोधन गर्ने

क्रममा स्थानिय सरकार पनि क्रियाशील हुनुपर्ने आवश्यकता देखिएकोले रोजगार रणनीति तयार पारिएको हो ।

२.२ नेपालको संविधान २०७२ ले मोलिक हकको रुपमा रोजगरीको लाई सुनिश्चित गर्नु पर्ने व्यव्स्था भएकोमा सो को कार्यान्वयनमा रोजगारको पालिका स्तरको मार्गदर्शनको रुपमा विशिष्ट रोजगारीका क्षेत्रहरुलाई लक्षितगरि रणनैतिक रुपमा व्यापकता दिई समन्वय र समन्यायिक तरिकाले सुधार ल्याउन प्रयत्न गर्दछ।

२.३ स्थानिय तहको आर्थिक र सामाजिक उन्नतिमा सहयोग गर्दै मर्यादित र उत्पादनमुलक रोजगार प्रवर्द्धनका निमित्त स्थानिय तहबाट नेपाल सरकारको कार्यपद्धतिमा समन्वय र सामन्जस्यतालाई सबल र सफल बनाउन आवश्यक रहेको छ ।

## ३. अध्ययन विधि

यस रणनीतिको मस्यौदा रोजगार सेवाकेन्द्रको सहायतामा नेपालको संविधान, राष्ट्रिय रोजगार नीति र स्थानिय श्रोतसाधनको अधिनमा रहि तयार पारी सरोकारवालाहरु संगको निरन्तर परामर्श र निरन्तर छलफलबाट लाभान्वित भएको छ । अन्तिम मस्यौदा कार्यपालिको बैठकबाट स्विकृत गरि तयार गरिएको छ ।

## ४. क्षेत्र

यस रोजगार रणनीतिले यस सानीभेरी गाउँपालिकाको सामाजिक तथा भु-बनौटलाई मध्यनजर गर्दै देहाय बमोजिमका क्षेत्रहरुलाई प्रथमिक्तामा राखेको छः

क. उत्पादनशील क्षेत्रहरुः कृषि र बन क्षेत्र, उद्योग तथा उत्पादन, खुद्रा तथा होलसेल व्यापार , पर्यटन, होटल तथा रेष्टुरेन्ट, खानेपानी, ढल र फोहोरमैला व्यवस्थापन, यातायात तथा भण्डारण, शिक्षा र सूचना प्रविधि, कला, मनोरञ्जन ।

ख. वैदेशीक तथा आन्तरिक रोजगारी ।

ग. व्यवसायिक सिप विकास ।

घ. सामाजिक सुरक्षा तथा सुशासन ।

## ५. सीमा

यो रोजगार रणनीति सानीभेरी गाउँकार्यपालिकाबाट पारित आ.व.२०८०/८१ देखि २०८५/८६ सम्मको रोजगारीको विशिष्टिकृत क्षेत्रलाई समेटेको रणनैतिक योजना हो ।

## खण्ड -२ वर्तमान अवस्था, अवसर र चुनौतीहरु विश्लेषण

### वर्तमान अवस्था

१. जनगणना २०७८ अनुसार देशको कुल जनसंख्याको ठुलो हिस्सा ६१.९६ प्रतिशत आर्थिक रुपले सकृय (१५-५९ वर्ष माथिको) जनसंख्या रहेकोमा कर्णाली प्रदेशमा ५८.९३ र यसभित्र पनि रुकुम

पश्चिममा ५९.५३ प्रतिशत रहेको छ । सकृय जनशक्ति नेपालमा यो समयमा धेरै रहेको अवस्थामा यो जनसंख्याबाट कसरी लाभ लिन सकिन्छ भन्ने मुख्य चुनौति रहेको छ ।

२. राष्ट्रिय जनगणना २०७८ अनुसार सानीभेरी गाउँपालिकाको कूल घरपरिवार ५२९२ रहेको र कूल जनसंख्या २४७५९ रहेकोमा जनसंख्या वृद्धिदर १.०५ प्रतिशत रहेको छ । यहाँको जनघनत्व १८५ प्रति वर्गकिलोमिटर मात्र रहेको छ । औषत घरपरिवारको आकार ५.३८ छ । कूल जनसंख्या मध्ये आर्थिक हिसावले सक्रिय १५ देखि ५९ बर्षको उमेर समूहका संख्या ४८.७९ प्रतिशत रहेको छ।

३. आर्थिक सर्वेक्षण २०७९/८० मा राष्ट्रिय रुपमा कृषि क्षेत्रको योगदान कूल ग्रहास्त उत्पादनको करिब २४.१ प्रतिशत रहने अनुमान गरिएको छ भने कर्णाली प्रदेशमा प्राथमिक क्षेत्रको योगदान ३१ प्रतिशत रहने अनुमान गरिएको छ । कृषि क्षेत्रको योगदान घट्दै र सेवा क्षेत्रको योगदान बढ्दै गए पनि आर्थिक काममा संलग्न मध्य सबै भन्दा धेरै जनशक्ति ५७.३ प्रतिशत कृषि क्षेत्र मै रोजगारीमा संलग्न रहेकोले श्रम उत्पादक्त्वको कमजोर अवस्थालाई चित्रण गर्दछ । यो पृष्ठभुमिमा राष्ट्रको दिगो आर्थिक समृद्धिको आधार कृषि क्षेत्रलाई मानिएको र नेपालको संविधानले खाद्य सम्बन्धि अधिकारलाई मौलिक अधिकारको रुपमा व्यवस्था गरेको अवस्था छ ।

४. विश्व आर्थिक वृद्धिदर सुस्ताएको बेला नेपालको आर्थिक वृद्धिदर सन् २०२२ मा ५.८ प्रतिशत रहेकोमा सन् २०२३ मा ४.४ प्रतिशतमा संकुचन हुने प्रक्षेपण गरिएको छ जुन विकासशिलहरु मुलुकको अनुमान कमै हो । रोजगारिको क्षेत्रमा विशेष ध्यान नदिदा यहि संकुचनको अवस्था हाँसिल गर्न पनि नसकिने देखिन्छ ।

५. राष्ट्रिय कुल ग्रहास्त उत्पादनमा कर्णाली प्रदेशको अंश ४.१ मात्र रहेको रहेको छ । यसमा पनी हाम्रो जस्तो ग्रमिण क्षेत्रको योगदान नगन्य रहेको भन्दा उतिसयुक्ति नहोला ।

६. राष्ट्रिय स्तरमा चालु आर्थिक वर्षमा वार्षिक प्रतिव्यक्ति आय ८.१ प्रतिशतले वृद्धि भइ १३९९ डलर पुग्ने अनुमान गरिएको छ भने कर्णाली प्रदेशमा ९९७ डलर रहने अनुमान छ ।समग्र देशमै अर्थात कर्णाली प्रदेशमा यो अनुमान प्राप्त गर्न सकस पर्ने बेला यहाँको जस्तो ग्रामिण क्षेत्रमा यस्को अनुमान हाँसिल गर्न धेरै मुस्किल पर्ने देखिन्छ ।

७. आर्थिक कामको संलग्नता क्षेत्रको अवस्थाको सन्दर्भमा जनगणना २०७८ अनुसार सबै भन्दा धेरै ६१.८ प्रतिशत आफ्नै घरयासी क्षेत्रमा रहेको देखिन्छ । यस क्षेत्रको यथार्तता यो भन्दा धेरै रहेको देखिन्छ । आफ्नै काममा धेरै जनसंख्या रहेको भएतापनि सबै सानिभरी वासिको घरयासी काम कृषिमा आधारित निर्वाहमुखि मात्र रहेको यथार्तता सबैमा व्यस्तमात्र रहने तर आय आर्जन नहुनेखालको रोजगारिमा संलग्न रहेको अवस्था रहेको छ ।

८. वैदेशिक रोजगारले नेपालको ग्रामिण क्षेत्रको गरिबि न्यूनीकरणमा निकै मद्दत गरेको छ ।

९. राष्ट्रिय स्तरमा बहुआयमिक गरिबिको दर १७.४ प्रतिशत रहेको छ भने प्रदेशगत रुपमा सबै भन्दा बढि कर्णाली प्रदेशको बहुआयमिक गरिबिको दर ३९.५ प्रतिशत र प्रदेशले प्रथम पंच वर्षिय योजना यस्को दर २५ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ।गरिबि न्यूनीकरण गर्न उत्पादनशिल कृयाकलाका साथै रोजगारी र आयआर्जन सिर्जना गर्नु चुनौतिपुर्ण रहेको छ। यस्तो अवस्थामा उत्पादशिल मानव पुजी विकासमा जोडदिनु पर्ने देखिन्छ।

१०. कर्णाली प्रदेशमा २०७९ असार मसान्त सम्म दर्ता भएका लघु, घरेलु तथा साना उद्योगहरु को संख्या ५९२७ रहेको मा रुकुम पश्चिममा ३६३ वटा मात्र रहेका छन्। त्यैसै गरि २०७९ चैत्र मसान्त सम्म कर्णाली प्रदेशमा दर्ता भएका सवारी साधनहरु २३३२३ वटा रहेकोमा १९८१८ वटा बाइक मात्र रहेका छन्। यद्धपि रोजगारी सिर्जना गर्ने बाइक बाहेकका अन्य यातायात ३५०५ मात्र रहेको देखिन्छ।

## अवसर

(क) नेपाल सरकारले नेपालको संविधानले रोजगारीको हकलाई कार्यान्वयनमा ल्याउन रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावली, पंचवर्षिय रणनीति तर्जुमा गर्नु

(ख) संघ र प्रदेशले स्थानीय तहको साझेदारीमा देशभित्र पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्नुका साथै रोजगरी लक्षित कार्यक्रमहरु लागु गर्नु,

(ग)सामाजिक सुरक्षाको हकको प्रत्याभूति गर्न आवधिक योजना र सरकारको नीति तथा कार्यक्रममा विशेष जोडदिएको अवस्था विद्यमान रहेको

(घ) पालिकाको विच भाग बाट मध्यपहाडी लोकमार्ग सहित गाउँ गाउँ सम्म सडक संजाल, बिजुली, खानेपानी, सिंचाई, प्राविधिक धार सहितको शिक्षा र स्वास्थ्य विस्तार हुनु

(ङ)नीति निर्माण र बजेट व्यवस्थापन सहितको साझा तथा एकल अधिकार सम्पन्न स्थानीय सरकार स्थापना हुनु ।

(च) हरेक स्थानिय तहमा जस्तै सानीभेरी गउँपालिका पनी आन्तरिक रोजगारीको व्यवस्थापन गर्न रोजगार सेवा केन्द्रको व्यवस्था हुनु ।

(छ) प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम संचालनमा रहनु ।

## चुनौतिहरु

(क) रोजगारीका विभिन्न क्षेत्रहरुमा उत्पादनशिल रोजगारीको कमी, श्रम बजार सुचना प्रणाली तथा प्रशासनको कमी

(ख) तिन तहको सरकार बिच समन्वय र सहकार्य गर्दै रोजगारीको हकलाई सुनिश्चित गर्नु

(ग)रोजगारी सिर्जनाका निमित्त सरकार, सहकारी र निजि क्षेत्र बिच समन्वय र सहकार्य गर्दै लगानी मैत्री सकारात्मक वातावरणको निर्माण गर्नु

(घ) श्रम बजारको माग अनुरुपको दक्ष श्रम शक्तिको उत्पादन गर्नु

(ङ) वैदेशीक र आन्तरीक रोजगारीलाई उत्पादनशील रोजगारीमा विस्तार गर्नु

(च) वर्तमान पुर्वाधारको सिमितता

समग्रमा वर्तमान उल्लेखित अवस्था र चुनौतीको सामना गर्दै नेपाल सरकारको विकासको राष्ट्रिय सोच तथा लक्ष्यलाई सहायता र स्थानिय जनताको सामाजिक र आर्थिक जिवनस्तर उकास्दै मानव पुजिको सिर्जना गर्न रणनैतिक रुपमा अगी बढ्नु पर्ने देखिन्छ ।

# खण्ड -३ दिर्घकालिन सोच, लक्ष्य र उद्देश्य

## सोच

मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षा सहितको समृद्ध सानीभेरी।

## लक्ष्य

स्थानिय स्तरमा उपलब्द्ध श्रम शक्तिलाई प्रतिस्पर्धि बनाउँदै सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एंव सुरक्षित तथा पंहुचयोग्य रोजगारीमा संलग्न गराई यस पालिकाको अर्थतन्त्रलाई सवल र गतिशील बनाई गरिबी निवारणमा योगदान गर्ने ।

## उद्देश्यहरु

सानीभेरी गाउँपालिकाको रोजगार रणनीतिको उद्देश्यहरु निम्न रहेका छन्:

१. विभिन्न क्षेत्रगत नीतिसंग सामन्जस्यता कायम गरी रोजगारी सिर्जना तर्फ केन्द्रित गर्दै सानीभेरी वासीलाई उत्पादनमुल रोजगारीको अवसरहरु सिर्जना गर्न

२. श्रमबजारको आवश्यक्ता अनुसारको ज्ञान र व्यवसायिक सीपमा आधारित सीपयूक्त श्रम शक्तिको तयार पार्न उपयुक्त अवसर सिर्जना गर्न

३. वैदेशीक र आन्तरिक रोजगारीमा संलग्न कामदारको उपयुक्त व्यवस्थापन गर्न

४. जोखिमयुक्त जनता लक्षित रोजगारीको सिर्जना गर्न

५. स्थानिय तहमा रोजगारीमा संबद्धलाई सामाजिक सुरक्षाको दायरा ल्याउनु र सुशासन अभिवृद्धि गर्नु

## खण्ड -४ रणनैतिक स्तम्भ र कार्यनिति

यस रोजगार रणनीतिले राखेका उद्देश्यहरुको सेरफेरोमा रहेर उद्देश्य अनुरुपको देहायका प्रमुख रणनीति स्तम्भ अनुरुपको कार्यनीतिलाई अवलम्बन गरिएको छ ।

**रणनैतिक स्तम्भः**

स्तम्भ-१: उत्पादनशील आन्तरिक रोजगारीको प्रवर्द्धन

स्तम्भ-२: व्यवसायिक सिपसहितको दक्ष श्रमशक्तिको विकास

स्तम्भ-३: वैदेशीक र आन्तरिक रोजगारीमा संलग्नहरुलाई सहायता

स्तम्भ-४: लक्षित वर्गको रोजगारीमा पंहुच वृद्धि

स्तम्भ-५: सामाजिक सुरक्षा तथा सुशासन पर्वद्धन

## ४.१ उत्पादनशील आन्तरिक रोजगारीको प्रवर्द्धनः

### क. कृषि तथा बन क्षेत्र

१. सिँचाई कृषि सामाग्री र आधुनिक वातावरण मैत्री प्रविधिको किसानहरुलाई व्यवस्था गरी उत्पादनमा वृद्धि मार्फत उत्पादक्त्वमा वृद्धि र उच्च मुल्यका बालीहरु लगाउने तर्फ जोड दिइने छ ।

२. पकेट क्षेत्र अनुसारको व्यवसायीक उत्पादन वृद्धिको लागि आवश्यक प्रोत्साहनका साथै संरचनाहरुको निर्माण र विस्तार गरिनेछ ।

३. कृषि तथा पकेट क्षेत्रको विस्तार गर्दा खाद्यसुरक्षा रोजगार पर्वर्धन र निर्यात जस्ता पक्षलाई विशेष ध्यान दिइने छ ।

४. निर्वाहमुखि उत्पादन प्रणालीलाई व्यवसायिकरण तथा आधुनिकिकरण गर्नका लागि बचत परिचालन र प्राविधिक सीप विस्तारमा जोड दिइनुका साथै सहकारीहरुलाई उत्पादनको क्रियाकलापको प्रारम्भ देखि उत्पादनको बजारिकरण सम्म प्रभावकारी रुपमा परिचालन गरिने छ ।

५. खाद्य तथा पशु गुणस्तर नियणत्रणका लागि यस पालिका अन्तरगतका कृषि र पशु कार्यालय तथा वडा कृषि र पशु प्राविधिहरु मार्फत स्थानिय कृषकहरुको उत्पादनमा सहजिकरण र उत्पादनमा आधारित अनुदान प्रोत्साहन गरिने व्यवस्था मिलाइने छ ।

६. व्यवसायीक कृषिमा लागेकाहरुको उत्पादन जोखिमता न्यूनिकरण गर्न बिमा कार्यक्रमलाई, जैविक र कृषि श्रमिकहरुको स्वास्थ्य सुरक्षाको लागि विषादि सुरक्षा प्रविधिलाई र कृषि क्षेत्रमा रोजगारी सिर्जना गर्नेलाई प्राथमिकताको आधारमा प्रोत्साहन प्रदानलाई प्रभावकारी रुपमा निरन्तरता दिइने छ ।

७. सानीभेरी गाउँपालिकाको सामुदायिक बनहरुमा बनमा हुने फलफुल तथा जडिबुटिहरु र घाँसहरु रोपने कार्यक्रम ल्याई त्यसबाट दिर्घकालिन रुपमा स्थानियहरुले आम्दानीको श्रोतको रुपमा सामुदायिक बनलाई सदुपयोग गरी रोजगारीको अवसर प्राप्त गर्ने वातावरण सिर्जना गरिनेछ ।

८. कृषि तथा बन क्षेत्रसंग सम्बन्धीत सरकारी, सहकारी र निजि क्षेत्रको विशेष कार्यक्रमहरुसंग सहकार्य र समन्वय गरिनेछ ।

**ख. उद्योग तथा उतपादन क्षेत्र**

१.स्थानिय श्रम तथा श्रोतमा आधारित उद्योगहरुलाई प्रोत्साहित गर्न कला र सीप विकासमा प्रवर्द्धनात्मक सहायता गरिनेछ ।

२.स्थानीय स्तरमा लगानी प्रवर्द्धन गर्न उद्योगहरुलाई वितिय, संस्थागत र प्राविधिक सहायताको माध्यमबाट प्रोत्साहन र विशेष सुविधा सहायता उपलब्ध गराइने छ ।

३.साना तथा घरेलु उद्योग विकासका लागि सरकारी, सहकारी र निजि क्षेत्रहरुसंग सहकार्य र समन्वय गरिनेछ ।

४.उद्योगमा जोडिने श्रमिक र रोजगार दाता बीच सुमधुर सम्बन्ध कायम गराई सु-सम्बन्ध कायम गर्न जोड दिइने छ।

५.लघु, साना मझौला उद्यम समेतका व्यवसाय आरम्भ गर्न र अनौपचारिक रोजगारीलाई क्रमशः औपचारिक पद्धतिमा विस्तार गर्न तालिम, वित्तिय लगानीमा सहयोग र आवश्यक प्रोत्साहन अगाडि बढाइनेछ ।

**ग. खुद्रा तथा होलसेल व्यापार**

१. साना तथा होलसेल व्यापारीहरुलाई आवश्यक प्रोत्साहन उपलब्द्ध गराइनेछ ।

२. खाद्यसुरक्षाको मध्यनजर गर्दै नियमित अनुगमन र सहकार्यलाई निरन्तरता दिइने छ ।

**घ. पर्यटन, होटल तथा रेष्टुरेन्ट**

१.रोजगारीको बढि सम्भावना रहेको ग्रामिण पर्यटन क्षेत्रलाई विभिधिकरण र विस्तार गरि थप रोजगारीका अवसर सिर्जना गरिने छ ।

२.स्थानिय तहमा रहेका पर्यटकिय गन्तव्य क्षेत्रहरु विकास र आकर्षक सुविधा तथा पदमार्गहरु विस्तार गरिने छ ।

३.पर्यटन र स्थानिय स्तरको बजार, होटल तथा होमस्टे व्यवसाय अन्तरसम्बन्धित हुने हुँदा उत्पादनमुलक रोजगार र पेशागत दक्षता अभिवृद्धिका लागि निजि तथा सरकारी क्षेत्रको समन्वयमा विशेष उपायहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

४.जिल्ला भित्र तथा बाहिरका पर्यटक आकर्षित गर्न गुरील्ला म्याराथन जस्तै अन्तर जिल्ला तथा जिल्ला स्तरिय खेलकुद प्रतियोगिताहरु संचालन गरि प्रचार प्रसार गरिनेछ ।

**ङ. खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन**

१.स्थानिय खानेपानी प्रसारणलाई व्यवस्थित बनाउनुका साथै रोजगारी सिर्जना गर्न व्यवस्थित हेरालो रहनेगरी खानेपानीको व्यस्था गरिनेछ

२.फोहोरमैला व्यस्थापन गर्न "फोहोरमा मोहोर"को अवधारणा जागृत गराइने र यसमा स्थानिय श्रमिकहरुलाई जोडिन प्रोत्साहन गरिनेछ

३. फोहरमैला व्वस्थापनमा जोडिएका श्रमिकहरुको स्वास्थ्य बिमा सहायता प्रदान गरिनेछ

**च. यातायात तथा भण्डारण**

१.स्थानिय स्तरमा यातायातलाई उत्पादनमुलक रोजगारीसंग जोड्न स्थानिय सबै सडक विस्तारमा जोड दिदै त्यस क्षेत्रमा यातायातको विस्तार गरिने छ

२.यातायात क्षेत्रमा लागेका श्रमिकहरुको श्रम सुरक्षालाई मध्यनजर गर्दै व्यवसायी र श्रमिकबिच सुमधुर सम्बन्ध कायम गर्न जोड रोजगारी सिर्जनाको आधारमा सहायता दिइने छ

३.स्थानियहरुले यातायात व्यवसायमा लगानी प्रवर्द्धन गर्न लगानी सुरक्षाको लागि वितिय तथा प्रोत्साहन सहायताको लागि व्यवस्था गरिनेछ

४.गाउँपालिका स्तरको बसपार्क व्यवस्थापन गरी बसपार्क र बसकाउन्टरहरुमा युवाहरुलाई रोजगारी सिर्जना गरिनेछ

**छ. शिक्षा तथा सूचना प्रविधि**

१.सूचना प्रविधी तथा प्राविधिक विषयसंग सम्बन्धित विषयमा उच्च शिक्षा अध्ययन गर्न इच्छुक गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्रोत्साहन तथा छात्रवृतीको व्यस्था गरिने छ ।

२.स्थानिय स्तरमा निजि लगानीमा शिक्षा तथा सूचना प्रविधीको प्रयोग मार्फत रोजगारी सिर्जना गरि रहेका स्थानिय व्यक्तिहरुलाई आवश्यक सहायता प्रदान गरिने छ ।

३.शिक्षक तथा कर्मचारीहरुको पेशागत दक्षता विस्तार गर्न तालिम प्रदान गरिनुका साथै सेवाकालिन तालिमहरुमा सहभागिहुन सहयोग गरिने छ ।

४. पढ्दै कमाउदै कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्ने र पुर्वाधार भएको विद्यालयहरुमा फलफुलका बगैचाहरु निर्माण गरि विद्यार्थीहरुलाई आम्दानीसंग जोड्ने ।

### झ. खेल, कला, संस्कृती र मनोरञ्जन

१.स्थानिय तहमै खेल विकास र यूवाहरुलाई खेलका माध्यमबाट रोजगारीको सिर्जना गर्न खेल मैदानहरु विस्तार, नयाँ पुस्ताको खेलमा विद्यालय स्तरबाटै चासो वृद्धि गर्ने र स्थानिय खेलाडिहरुलाई प्रोत्साहन गर्ने कार्य गरिनेछ ।

२.कलाका माध्यबाट रोजगारी सिर्जना गर्न स्थानिय परमपरागत पेशा, कला तथा संस्कृतिको पुस्ता हस्तान्तरण र संरक्षणमा विशेष सहयोग गर्ने

३. सानीभेरी सहिद स्मृती पार्क र यूद्धसंग्राहलय मार्फत रोजगारी सिर्जना गर्ने

### ञ. निर्माण तथा पुर्वाधार क्षेत्र

१.पूर्वाधार क्षेत्रमा दिगो रोजगारीको अवसर सिर्जना गर्न दक्ष जनशक्ति उपलब्ध गराउन सो सम्बन्धी सीप विकास तथा गुणस्तरमा विशेष व्यवस्था गरिनेछ ।

२.स्थानिय पुर्वाधार निर्माण तथा विस्तार र स्तरोन्नतीमा श्रममा आधारित प्रविधिको उपयोग गर्न, स्थानिय श्रोत साधन र श्रमको प्रयोगमा प्रोत्साहित गरिने छ ।

३.स्थानिय तहमा स्थानिय तथा बाह्य ठेकेदार र रोजगारदाताबाट संचालित निर्माणमा धेरै रोजगारी सिर्जना गरेकाहरुलाई प्रोत्साहन गरिनिछ ।

## ४.२ रणनीतिः सिप सहितको दक्ष व्यवसायिक श्रमशक्तिको विकास

१.श्रम बजारमा यस स्थानिय तहको दक्ष जनशक्ति विस्तार गर्न तथा सीपयूक्त जनशक्ति तयार पार्दै दक्ष जनशक्तिको अभावलाई पुर्ति गर्ने ।

२.स्थानिय तहको पाठ्यक्रम निर्माणमा स्थानिय प्राविधिक रोजगारी सम्बन्धि विषय समावेश गराउने ।

३.स्थानिय स्तरमा संचालित माध्यमिक तहको प्राविधिक शिक्षामा थप सहयोग र विस्तार गर्नुका साथै गरीब तथा अवसर बिहिन बालबालिकाहरको पहुँच वृद्धि गर्ने।

४.उच्च तहको प्राविधिक शिक्षामा गरिब तथा जेहेन्दारहरुको पहुँच वृद्धि गर्ने ।

५.श्रम र श्रमिकको सम्मान गर्ने संस्कृतिको विकास र बाल श्रमको अन्त्य गर्न सचेतना अभियान संचालन गरिनेछ ।

६. रोजगारदाताहरुको खोजि गर्न रोजगार संवाद मंच गठन गरिनेछ ।

## ४.३ रणनीतिः वैदेशीक र आन्तरिक रोजगारीमा संलग्नहरुलाई सहायता

१.वैदेशीक रोजगार सम्बन्धी सेवा मुलक कार्यहरु स्थानिय तहबाटै संचालन गर्ने।

२.वैदेशीक रोजगारीबाट आर्जित रकम र सिप स्थानिय तहमै परिचालनमा ल्याउन आवश्यक सहायता गर्ने ।

३.स्थानिय स्तरमा संलग्न श्रमिकहरुको सुरक्षाको लागि सचेतना कार्यक्रम तथा न्यूनतम सुरक्षा सामाग्रीहरुको उपलब्धतामा गराउने ।

४.आन्तरिक रोजगारीमा आवद्ध श्रमिकहरु (स्थानिय तहबाट नियूक्त कर्मचारी र अन्य कामदारहरु) लाई न्यूनतम पारिश्रमिक सुनिश्चित र सामाजिक सुरक्षाको लागि सहकार्य र समन्वय गर्ने ।

## ४.४ रणनीतिः लक्षित वर्गको रोजगारीमा पंहुच वृद्धि

१.न्युनतम रोजगारीको प्रत्याभुती गराउन प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम संग समन्वय र सहकार्य गर्दै "सानीभेरी रोजगार कार्यक्रमको कार्यान्वयन" गरिनेछ ।

२.गरिब तथा अवसरबाट वंचित जनताहरुको न्यूनतम रोजगारीमा पंहुच बढाउन बेरोजगार सुचिमा सुचिकृत हुन सुचना सचेतनालाई प्रभावकारी रुपमा प्रसारण गरिने छ ।

३.गरिबी तथा अवसरबाट वंचित भएको कारण सरकारी सेवामा प्रवेश गर्न नसकेका यूवाहरुलाई सेवा प्रवेश सम्बन्धी तयारी कक्षा लिनका लागि छात्रवृती लगायतको सहयोग गरिनेछ ।

४.स्थानिय स्तरमा उत्पादनमुलक रोजगारी सिर्जना गर्न सक्ने गरी उद्योग व्यवसाय गर्न इच्छुक यूवा तथा महिलाहरुलाई सरकारी, सहकारी र निजि क्षेत्रको परिचालनमा सहयोग गरिने छ ।

५.स्वदेश तथा वैदेशिक श्रम बजारको माग बमोजिमको दक्ष जनशक्ति उत्पादन गर्ने सन्दर्भमा गरिब तथा अवसरबाट वंचितहरुको पंहुच वृद्धि गर्न सिप विकासमा विशेष व्यवस्था गरिनेछ ।

## ४.५ रणनीतिः सामाजिक सुरक्षा तथा सुसान पर्वद्धन

१.सानीभेरीको कार्यक्षेत्रभित्रको कामलाई सरल, सहज, सुलभ, प्रभावकारी र नतिजाउन्मुख बनाउन मौजुदा कानूनमा समयानुकुल परिमार्जन तथा आवश्यकता अनुसार नयाँ कानून तर्जुमा गरी कार्यान्वयन गरिने छ।

२.रोजगार सेवा केन्द्र र सम्बन्धित अन्य शाखामा कार्यरत कर्मचारीको समयानुकुल क्षमता विकासका गरिने।

३.रोजगारीसंग सम्बन्धीत सुचना, गुनासा तथा उजुरीहरु व्यवस्थापन गर्न प्रणालीको विकास गर्ने।

४.अनुगमन तथा मूल्यांकनलाई निरन्तर अगाडी बढाइनुका साथै सरोकारवालाहरुको सहभागिता अभिवृद्धि गरिनेछ।

**खण्ड -५ श्रोत व्यवस्थापन, संस्थागत संरचना , कार्ययोजना र जोखिम पहिचान**

## १. श्रोत व्यवस्थापन

यस सानीभेरी गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा रणनीतिक योजनालाई केन्द्रमा राखि तय गरिनेछ । रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक वजेट तथा कार्यक्रम मार्फत नियमित रुपमा प्रस्ताव गरिनेछ। आवश्यकता अनुसार संघ, प्रदेश र संघसंस्थाहरु सँग समेत आर्थिक श्रोत

व्यवस्थापनको लागि समन्वय र सहकार्य गरिनेछ। रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित स्रोत अनुसूची १ बमोजिम प्रक्षेपण गरिएको छ।

## २. रोजगार रणनीति निर्देशक समिति र अनुगमन तथा मुल्याङ्कन

१.सानीभेरी गाउँपालिकाको रोजगार रणनैतिक योजना कार्यन्वयनका लागि रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम १५ बमोजिमको स्थानिय निर्देशक समितिलाई रणनीति कार्यान्वयनको समेत कार्य गर्ने गरी जिम्मेवारी तोकि रोजगार रणनीति निर्देशक समितिको जिम्मेवारी सहित तपशिल बमोजिमका सदस्य रहने छनः

| | |
|---|---|
| (क) गाउँ कार्यपालिकाको अध्यक्ष | -अध्यक्ष |
| (ख) गाउँ कार्यपालिकाको उपाध्यक्ष | -सदस्य |
| (ग) गाउँ कार्यपालिकाको अध्यक्षले तोकेका वडा अध्यक्ष दुईजना | -सदस्य |
| (घ) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ङ) रोजगार संयोजक | - सदस्य-सचिव |

२.रोजगार रणनीति निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

(क) रणनीति कार्यान्वयनमा समन्वय र सहकार्य गर्ने,

(ख) रणनीति कार्यान्वयको लागि सरोकारवालासंग नियमित छलफल र संचार गर्ने,

(ग) रणनीतिको कार्यान्वयनमा समस्या तथा थप विस्तार गर्नु पर्ने भए बैठक बसी निर्णय गरि कार्यपालिकामा प्रस्ताव गर्ने,

(घ) रोजगार रणनीतिको नियमित र आवधिक अनुगमन तथा मुल्याङ्कन गर्ने,

(ङ) समितिले दिएको मार्गदर्शन बमोजिम काम गर्ने ।

(च) रोजगार रणनीति निर्देशक समितिको सचिवालयको काम रोजगार सेवा केन्द्रले गर्नेछ ।

३.रणनीति कार्यान्वयनको अवस्था र आगामी क्रियाकलाप तर्जुमा गर्न प्रत्येक वर्ष सानीभेरी गाउँपालिकाको बजेट बनाउनु पुर्व जेष्ठ मसान्त सम्ममा वार्षिक रणनीति कार्यान्वयनको समिक्षा गरिनेछ । उक्त प्रतिवेदन र पृष्ठपोषण सम्बन्धमा छलफल तथा समीक्षा गरी आवश्यकता अनुसार सुधारात्मक उपायहरु अवलम्वन गरिनेछ।

४.बुँदा ३ अनुसारको समिक्षाबाट प्राप्त उपलब्धी र नतिजाहरुलाई निर्देशक समितिले कार्यापालिकामा पेश गरिनेछ ।

५.रणनीति कार्यान्वयनबाट उपेक्षित उपलब्धी र प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा प्रत्येक दुई वर्षमा सानीभेरी गाउँ कार्यापालिकाबाट रणनीतिको पुनरावलोकन गरि आवश्यक संसोधन गर्न अनुगमन तथा मुल्याङकन समितिले सिफारिस गर्न सक्नेछ ।

६.रणनीतिक कार्यान्वयनको अन्तिम वर्ष अर्थात पाँचौ वर्षमा रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन र आगामी रणनीतिकको पुर्व तयारी गरिने छ। मूल्याङ्कनबाट प्राप्त अनुभव तथा पृष्ठपोषणलाई आगामी दिनमा तर्जुमा हुने रणनीतिकको निर्माणमा उपयोग गरिनेछ।

## ३. कार्ययोजना

क.माथि उल्लेखित रणनीति र कार्यनीति को कार्यान्वनका लागि अनुसुची २ बामोजिमको रणनीति कार्यान्वयनको कार्ययोजना तयार गरिएको छ ।

ख.उल्लेखित रणनीति र कार्यनीति को कार्यान्वनका लागि अनुसुची ३ बामोजिमको नतिजा खाका तयार गरिएको छ ।

## ४. जोखिम पहिचान

रणनीतिक कार्यान्वयनको क्रममा आउन सक्ने जोखिमहरु लाई देहाय बमोजिम उल्लेख गरिएको छः

क. श्रोत व्यवस्थापन

ख. सरकारी, गैह्रसरकारी र निजि क्षेत्रबिच प्रभावकारी समन्वय र सहकार्य

ग. चुनौतीहरु

## अनुसूची -१

(खण्ड ५को १ संग सम्बन्धीत)

| क्र. स. | प्रमुख रणनीति | आवश्यक बजेट प्रक्षेपण (रु. लाखमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १ | उत्पादनशील आन्तरिक रोजगारीको प्रवर्द्धन | ४५० | ५०० | ५५० | ६०० | ७०० |
| २ | व्यवसायिक सिप सहितको दक्ष श्रम शक्तिको विकास | ३० | ४० | ५० | ६० | ७० |
| ३ | वैदेशीक र आन्तरिक रोजगारी संलग्नहरुलाई सहायता | १०० | १५० | २०० | २५० | ३०० |
| ४ | लक्षित वर्गको रोजगारीमा पंहुच वृद्धि | ३०० | ४०० | ५०० | ६०० | ७०० |
| ५ | सामाजिक सुरक्षा र सुसाशन पर्वद्धन | २५ | ३० | ३५ | ४० | ४५ |
| | जम्मा | | | | | |

## अनुसूची -२

### (खण्ड ५ को बुदा ४(क) संग सम्बन्धित)

सानीभेरी गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयन कार्ययोजना (खण्ड क)

| क्र.स. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय /शाखा | समयावधि | बजेट रु.लाख | जोखिम |
|---|---|---|---|---|---|---|
| **रणनीति १ उत्पादनशील आन्तरिक रोजगारीको प्रवर्द्धन** | | | | | | |
| **क. कृषि तथा बन क्षेत्रसंग सम्बन्धीत** | | | | | | |
| **कार्यनीति-१ सिँचाई विस्तार, कृषि सामाग्री र आधुनिक वातावरण मैत्री प्रविधिको मार्फत उत्पादक्त्वमा वृद्धिमा जोड दिइने छ ।** | | | | | | |
| १.१ | सिँचाई विस्तारबाट उत्पादनमा वृद्धि र सिंचाई निर्माण कार्यमा स्थानीयलाई परिचालन | तिनै तह | गाउँपालिका | ५ वर्ष | २५० | क र ख |
| १.२ | कृषि प्रविधिको किसानहरुलाई व्यवस्था | तिनै तह | कृषि शाखा | ५ वर्ष | ५० | क र ख |
| १.३ | उच्च मुल्यका बालीहरु लगाउने तर्फ जोड | गाउँपालिका | कृषि शाखा | ५ वर्ष | २५ | क |
| **कार्यनीति-२ पकेट क्षेत्र अनुसारको व्यवसायीक उत्पादन वृद्धि र विस्तार गरिनेछ ।** | | | | | | |
| २.१ | व्यवसायीक उत्पादन वृद्धिका लागि आवश्यक प्रोतसाहन | तिनै तह | कृषि/पशु शाखा | ५ वर्ष | २० | क र ख |
| २.२ | व्यवसायिक संरचनाहरुको निर्माण र विस्तार | तिनै तह | कृषि/पशु शाखा | ५ वर्ष | २०० | क र ख |
| **कार्यनीति-३ कृषि तथा पकेट क्षेत्रको विस्तार गर्दा खाद्यसुरक्षा रोजगार पर्वर्धन र निर्यात जस्ता पक्षलाई विशेष ध्यान दिइने छ ।** | | | | | | |
| ३.१ | खाद्यसुरक्षा रोजगार पर्वर्धन गर्न अर्गानिक विधिमा जोड | गाँउपालिका | कृषि/पशु शाखा | ५ वर्ष | २० | क र ख |
| ३.२ | उत्पादनलाई निर्यातमा जोड दिने | गाँउपालिका | कृषि/पशु शाखा | ५ वर्ष | १०० | क र ख |
| **कार्यनीति-४ निर्वाहमुखि उत्पादन प्रणालीलाई व्यवसायिकरण तथा आधुनिकिकरण गर्दै उत्पादनको बजारिकरणलाई प्रभावकारी बनाउने** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१ | बचत परिचालन | गाउँपालिका | सहकारीहरु | १वर्ष देखि | १० | क र ख |
| ४.२ | प्राविधिक सीप तथा प्रविधी विस्तार | तिनै तह | गाँपालिका | ५ वर्ष | २०० | क र ख |
| ४.३ | सहकारीहरुलाई उत्पादन र निर्यातको क्रियाकलापमा जोड्ने | गाँउपालिका | सहकारी | ५ वर्ष | १०० | क र ख |
| **कार्यनीति-५ खाद्य तथा पशु गुणस्तर नियणत्रणका लागि यस पालिका अन्तरगतका कृषि र पशु कार्यालय तथा वडाका कृषि र पशु प्राविधिहरु मार्फत स्थानिय कृषकहरुको उत्पादनमा सहजिकरण र प्रोत्साहन गरिने व्यवस्था मिलाइने छ ।** | | | | | | |
| ५.१ | कृषकहरुको उत्पादन तथा बजारीकरणमा सहजिकरण | कृषि/पशु शाखा | सम्बन्धीत वडा | ५ वर्ष | १०० | क |
| ५.२ | एक वडा एक प्राविधिक | गाउँपालिका | कृषि/पशु शाखा | २ वर्ष | १५० | क |
| ५.३ | कृषि तथा पशु फार्महरु लाई प्रोत्साहन तथा विस्तार | गाउँपालिका | कृषि/पशु शाखा | ५ वर्ष | १०० | क |
| **कार्यनीति-६ व्यवसायीक कृषिमा लागेकाहरुको उत्पादन जोखिमता न्यूनिकरण गर्न बिमा कार्यक्रमलाई, जैविक र कृषि श्रमिकहरुको स्वास्थ्य सुरक्षाको लागि विषादि सुरक्षा प्रविधिलाई र कृषि क्षेत्रमा रोजगारी सिर्जना गर्नेलाई प्राथमिकताको आधारमा प्रोतसाहन प्रदानलाई प्रभावकारी रुपमा निरन्तरता दिइने छ ।** | | | | | | |
| ६.१ | कृषी तथा पशु बिमा कार्यक्रम | कृषि/पशु शाखा | सम्बन्धीत वडा | निरन्तर | ५० | क र ख |
| ६.२ | विषादि सुरक्षा प्रविधि सहायता | कृषि/पशु शाखा | सम्बन्धीत वडा | निरन्तर | १० | क |
| ६.३ | रोजगारी सिर्जना गर्नेलाई प्रोतसाहन | गाउँपालिका | कृषि/पशु शाखा | निरन्तर | ५ | क |
| **कार्यनीति-७ सानीभेरी पालिकाको सामुदायिक बनहरुमा बनबाट दिर्घकालिन रोजगारीको अवसर प्राप्त गर्ने वातावरण सिर्जना गरिनेछ ।** | | | | | | |
| ७.१ | प्रत्येक वडामा एक नरसरी स्थापना | गाउँपालिका | सम्बन्धीत वडा | २ वर्ष | ५० | क र ख |
| ७.२ | फलफुल तथा जडिबुटिहरु र घाँसहरु रोप्ने कार्यक्रम | गाउँपालिका | सम्बन्धीत वडा | | ५० | क र ख |
| **कार्यनीति-८ कृषि तथा बन क्षेत्रसंग सम्बन्धीत सरकारी, सहकारी र निजि क्षेत्रसंग सहकार्य र समन्वय गरिनेछ ।** | | | | | | |
| ८.१ | विशेष कार्यक्रमहरुसंग सहकार्य र समन्वय | गाउँपालिका | सम्बन्धीत वडा | | ५० | कर ख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख. उद्योग तथा उतपादन क्षेत्र | | | | | | |
| **कार्यनीति-१ स्थानिय श्रम तथा श्रोतमा आधारित व्यवसाय तथा उद्योगहरुलाई प्रोतसाहित गर्न कला र सीप विकासमा प्रवर्द्धनात्मक सहायता गरिनेछ ।** | | | | | | |
| १.१ | कला र सीप विकासमा प्रवर्द्धनात्मक सहायता | तिनै तहको साझेदारी | गाउँपालिका | ५ वर्ष | १०० | क |
| **कार्यनीति-२ स्थानीय स्तरमा लगानी प्रवर्द्धन गर्न उद्योगहरुलाई प्रोत्साहन र विशेष सहायता उपलब्द्ध गराइने छ ।** | | | | | | |
| २.१ | उद्योगहरुलाई वितिय सहायता | तिनै तह | गाउँपालिका | ५ वर्ष | २०० | क |
| २.२ | संस्थागत र प्राविधिक सहायता | तिनै तह | गाउँपालिका | ५ वर्ष | ५०० | क |
| **कार्यनीति-३ साना तथा घरेलु उद्योग विकासका लागि सरकारी, सहकारी र निजि क्षेत्रहरुसंग सहकार्य र समन्वय गरिनेछ ।** | | | | | | |
| ३.१ | सरकारी, सहकारी र निजि क्षेत्रहरुसंग सहकार्य र समन्वय | गाँपालिका | गाउँपालिका | ५ वर्ष | ५० | क र ख |
| **कार्यनीति-४ लघु, साना मझौला उद्यम समेतका व्यवसाय आरम्भ गर्न र अनौपचारिक रोजगारीलाई क्रमशः औपचारिक पद्धतिमा विस्तार गर्ने** | | | | | | |
| ४.१ | तालिममा सहयोग | गाउँपालिका | रो.से.के. | ५ वर्ष | १० | क र ख |
| ४.२ | वित्तिय लगानीमा सहयोग | गाउँपालिका | सहकारी | ५ वर्ष | १० | क र ख |
| ४.३ | आवश्यक प्रोत्साहन | गाउँपालिका | रो.से.के | ५ वर्ष | १० | क |
| **ग. खुद्रा तथा होलसेल व्यापारसंग सम्बन्धीत** | | | | | | |
| **कार्यनीति-१ साना तथा होलसेल व्यापारीहरुलाई रोजगारी सिर्जना गरेको आधारमा आवश्यक प्रोतसाहन उपलब्द्ध गराइने छ ।** | | | | | | |
| १.१ | रोजगारी सिर्जना गर्नेलाई प्रोतसाहन कार्यक्रम | गाँपालिका | रो.से.के | ५ वर्ष | ५ | क |
| **कार्यनीति-२ खाद्यसुरक्षाको मध्यनजर गर्दै नियमित अनुगमन र सहकार्यलाई निरन्तरता दिइने छ ।** | | | | | | |
| २.१ | अनुगमन र सहकार्यलाई निरन्तरता | गाउँपालिका | प्रशासन शाखा | ५ वर्ष | ५ | ख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **घ. पर्यटन, होटल तथा रेष्टुरेन्ट** | | | | | | |
| **कार्यनीति-१ रोजगारीको बढि सम्भावना रहेको ग्रामिण पर्यटन क्षेत्रलाई विभिधिकरण र विस्तार गरि थप रोजगारीका अवसर सिर्जना गरिने छ ।** | | | | | | |
| १.१ | विभिधिकरण र विस्तार गर्ने | गाउँपालिका | गाउँपालिका | ५ वर्ष | ५० | क र ख |
| **कार्यनीति-२ स्थानिय तहमा रहेका पर्यटकिय गन्तव्य क्षेत्रहरु विकास र आकर्षक सुविधा तथा पदमार्गहरु विस्तार गरिने छ ।** | | | | | | |
| २.१ | पर्यटकिय गन्तव्य क्षेत्रहरु तथा पुर्वाधार विकास | तिनै तह | गाउँपालिका | ५ वर्ष | २०० | क |
| २.२ | आकर्षक सुविधा तथा पदमार्गहरु विस्तार | तिनै तह | गाउँपालिका | ५ वर्ष | २०० | क |
| **कार्यनीति-३ पर्यटन र स्थानिय स्तरको बजार, होटल तथा होमस्टे व्यवसायमा उत्पादनमुलक रोजगार र पेशागत दक्षता अभिवृद्धिका गर्ने ।** | | | | | | |
| ३.१ | उत्पादनमुलक रोजगार र पेशागत दक्षता अभिवृद्धि गर्न निजि तथा सरकारी क्षेत्रको समन्वयमा विशेष उपायहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने | गाँपालिका | गाउँपालिका | ५ वर्ष | १५० | क र ख |
| **कार्यनीति-४ जिल्ला भित्र तथा बाहिरका पर्यटक आकर्षित गर्न गुरील्ला म्याथन जस्तै खेलकुद कार्यक्रमहरु संचालन तथा प्रचार प्रसार गरिनेछ ।** | | | | | | |
| ४.१ | गुरील्लाम्याराथन मेला महोत्सव जस्तै खेलकुद कार्यक्रमहरु संचालन | गाउँपालिका | खेलकुद वि.सं. | ५ वर्ष | १० | क |
| ४.२ | कार्यक्रम तथा पर्यटकिय क्षेत्रको प्रचार प्रसार | गाउँपालिका | खेलकुद वि.सं. | ५ वर्ष | ५ | क |
| **घ. खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन** | | | | | | |
| **कार्यनीति-१ स्थानिय खानेपानी प्रसारणलाई व्यवस्थित बनाउनुका साथै रोजगारी सिर्जना गर्न हेरालो रहनेगरी खानेपानीको व्यस्था गरिनेछ ।** | | | | | | |
| १.१ | हेरालो रहनेगरी खानेपानीको व्यस्था | गाउँपालिका | सम्बन्धीत वडा | २वर्ष देखि | ३० | क |
| **कार्यनीति-२ फोहोरमैला व्यस्थापनबाट "फोहोरमा मोहोर"को अवधारणा जागृत गराइ आयमा संलग्न गराउने ।** | | | | | | |
| २.१ | फोहोरबाट आयमा संलग्न गराउने | गाउँपालिका | गाउँपालिका | ३वर्ष देखी | १० | क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२ | स्वास्थ्य बिमा सहायता प्रदान | गाउँपालिका | स्वास्थ्य शाखा | निरन्तर | ५ | क र ख |
| **च. यातायात तथा भण्डारण** | | | | | | |
| **कार्यनीति-१ स्थानिय स्तरमा यातायातलाई उत्पादनमुलक रोजगारीसंग जोडने ।** | | | | | | |
| १.१ | सडक विस्तार तथा स्तरोन्नती | तिनै तह | पुर्वाधार शाखा | निरन्तर | १००० | क र ख |
| १.२ | यातायातको विस्तार | गाउँपालिका | सरोकारवाला | १वर्ष देखि | ५०० | क र ख |
| **कार्यनीति-२ यातायात क्षेत्रमा लागेका श्रमिकहरुको श्रम सुरक्षालाई व्यवस्थित गरिने छ ।** | | | | | | |
| २.१ | व्यवसायी र श्रमिक बिच सुमधुर सम्बन्ध कायम गर्ने | गाउँपालिका | सरोकारवाला | निरन्तर | | क |
| २.२ | यातायात श्रमिकको न्यूनतम पारिश्रमिक र भाडा तोक्ने | गाउँपालिका | सरोकारवाला | १वर्ष | | ख |
| **कार्यनीति-३ स्थानियहरुले यातायात व्यवसायमा लगानी प्रवर्द्धन गर्न लगानी सुरक्षाको लागि वितिय सहायता तथा प्रोत्साहन लागि व्यवस्था गरिनेछ ।** | | | | | | |
| ३.१ | वित्तिय सहायता उपलब्ध गराउने | गाउँपालिका | बैक तथा वित्त | २वर्ष देखि | | क र ख |
| ३.२ | व्यवसाय प्रोत्साहन गर्ने | गाउँपालिका | गाउँपालिका | निरन्तर | | क |
| **कार्यनीति-४ गाउँपालिका स्तरको बसपार्क व्यवस्थापन गरी बसपार्कमा व्यवसाय र बसकाउन्टरहरुमा युवाहरुलाई रोजगारी सिर्जना गरिनेछ।** | | | | | | |
| ४.१ | बसपार्कमा व्यवसाय विस्तार गर्ने | गाउँपालिका | सरोकारवाला | २वर्ष देखि | | ख |
| ४.२ | बसपार्क र बस काउन्टरहरुमा स्थानियलाई रोजगारी | गाउँपालिका | सरोकारवाला | २वर्ष देखि | | ख |
| **छ. शिक्षा तथा सूचना प्रविधि** | | | | | | |
| **कार्यनीति-१ सूचना प्रविधी तथा प्राविधिक विषयसंग उच्च शिक्षा अध्यन गर्न इच्छुक गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्रोत्साहन तथा छात्रवृतीको व्यस्था गरिने छ ।** | | | | | | |
| १.१ | गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्रोत्साहन तथा छात्रवृती | गाउँपालिका | शिक्षा शाखा | निरन्तर | २५ | क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२ | नमुना विद्यालयहरुमा E-Library र सबै विद्यालयमा प्रविधीको प्रयोग विस्तार | गाउँपालिका | शिक्षा शाखा | ५ वर्ष | ५० | क |
| **कार्यनीति-२ स्थानिय स्तरमा निजि लगानीमा शिक्षा तथा सूचना प्रविधीको प्रयोग मार्फत रोजगारी सिर्जना गर्नेलाई सहायता प्रदान गरिने छ ।** | | | | | | |
| २.१ | शिक्षा तथा सूचना प्रविधीको प्रयोग मार्फत रोजगारी सिर्जना गरि रहेका स्थानिय व्यक्तिहरुलाई आवश्यक सहायता | गाउँपालिका | शिक्षा शाखा | निरन्तर | १० | क |
| **कार्यनीति-३ शिक्षक तथा कर्मचारीहरुको पेशागत दक्षता विस्तार गर्न तालिम प्रदान गरिनुका साथै सेवाकालिन तालिमहरुमा सहभागिहुन सहयोग गरिने छ ।** | | | | | | |
| ३.१ | पेशागत दक्षता विस्तार गर्न तालिम प्रदान | शिक्षा शाखा | सम्बन्धित विद्यालय | निरन्तर | १० | क र ख |
| ३.२ | सेवाकालिन तालिमहरुमा सहभागिता | शिक्षा मन्त्रालय | शिक्षा शाखा | निरन्तर | २० | क र ख |
| **झ. खेल, कला र मनोरञ्जन** | | | | | | |
| **कार्यनीति-१ स्थानिय तहमै खेल विकास र यूवाहरुलाई खेलका माध्यमबाट रोजगारीको सिर्जना गर्ने कार्य गरिनेछ ।** | | | | | | |
| १.१ | खेल मैदानहरु विस्तारमा रोजगारी | तिनै तह | पुर्वाधार शाखा | ५वर्ष सम्म | २०० | क |
| १.२ | नयाँ पुस्ताको खेलमा विद्यालय स्तरबाटै चासो वृद्धि | शिक्षा शाखा | सम्बन्धित विद्यालय | निरन्तर | १० | क र ख |
| १.३ | स्थानिय खेलाडिहरुलाई व्यवसायीक खेलाडि बन्न प्रोतसाहन | गाउँपालिका | खेलकुद समिति | निरन्तर | २० | क र ख |
| **कार्यनीति-२ कलाका माध्यबाट रोजगारी सिर्जना गर्न परम्परागत स्थानिय कला तथा संस्कृतिको पुस्ता हस्तान्तरण र संरक्षणमा विशेष सहयोग गर्ने** | | | | | | |
| ४.१ | स्थानिय कला तथा संस्कृतिको पुस्तेनी हस्तान्तरण | गाउँपालिका | सम्बन्धीत वडा | निरन्तर | २० | क |
| ४.२ | कला तथा संस्कृतिको संरक्षणमा सहयोग | गाउँपालिका | सम्बन्धीत वडा | निरन्तर | १० | क |
| **ञ. निर्माण तथा पुर्वाधार क्षेत्र** | | | | | | |
| **कार्यनीति-१ पूर्वाधार क्षेत्रमा दिगो रोजगारीको अवसर सिर्जना गर्न सीप विकास तथा गुणस्तरमा विशेष व्यवस्था गरिनेछ ।** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१ | नयाँ श्रमिकलाई सीप विकास सम्बन्धी तालिम प्रदान | गाउँपालिका | तालिम प्रदायक | निरन्तर | २० | क र ख |
| १.२ | पुराना कामदारहरुलाई सीप स्तरोन्नतीका लागि तालिम | गाउँपालिका | सरोकारवाला | २वर्ष देखि | १० | क |
| **कार्यनीति-२ स्थानिय पुर्वाधार निर्माण, विस्तार र स्तरोन्नतीमा श्रममा आधारित प्रविधिको उपयोग गरिने छ ।** | | | | | | |
| २.१ | स्थानिय पुर्वाधार निर्माणमा श्रममा आधारित प्रविधिको उपयोग गराउने | गाउँपालिका | पुर्वाधार शाखा | निरन्तर | | क र ख |
| २.२ | स्थानिय श्रम र श्रोतको प्रयोग प्रोतसाहित गर्ने | गाउँपालिका | पुर्वाधार शाखा | निरन्तर | | ख |
| **कार्यनीति-३ स्थानिय तहमा स्थानिय तथा बाह्य ठेकेदार र रोजगारदाताबाट संचालित निर्माणमा धेरै रोजगारी सिर्जना गरेकाहरुलाई प्रोत्साहन गरिनिछ ।** | | | | | | |
| २.१ | ठेकेदार र रोजगारदाताहरु लाई सम्मान | गाउँपालिका | रो.से.के. | निरन्तर | ५ | क र ख |
| २.२ | श्रमबजारसंग आवद्ध गराउन सहयोग | गाउँपालिका | पुर्वाधार शाखा | निरन्तर | ५ | ख |
| **रणनीति २ सिप सहितको दक्ष व्यवसायिक श्रमशक्तिको विकास** | | | | | | |
| **कार्यनीति-१ श्रम बजारमा यस स्थानिय तहको दक्ष जनशक्ति विस्तार गर्न तथा सीपयूक्त जनशक्ति तयार पार्दै दक्ष जनशक्तिको अभावलाई पुर्ति गर्ने** | | | | | | |
| १.१ | केन्द्र तथा प्रदेश सरकारद्वारा र गैह्रसरकारी क्षेत्रबाट संचालनमा आएका तालिमहरु लाई सहयोग | गाउँपालिका | तालिम प्रदायक | निरन्तर | | क र ख |
| १.२ | पालिकाले बजारको आवश्यक्ताको आधारमा तालिम संचालन | गाउँपालिका | तालिम प्रदायक | निरन्तर | १५ | क |
| १.३ | तालिमको उपयोगिता सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम | गाउँपालिका | सरोकारवाला | निरन्तर | ५ | क र ख |
| **कार्यनीति-२ स्थानिय तहको पाठ्यक्रम निर्माणमा स्थानिय प्रविधिक रोजगारी सम्बन्धि विषय समावेश गराउने ।** | | | | | | |
| २.१ | पाठ्यक्रम निर्माणमा स्थानिय पेशाका बारे समावेश | गाउँपालिका | शिक्षा शाखा | १वर्ष देखि | २ | क |
| २.२ | विद्यार्थीहरुलाई पाठ्यक्र अनुरुप सिप सिकाउने | विद्यालयहरु | सम्बन्धित शिक्षक | निरन्तर | | ख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **कार्यनीति-३ स्थानिय स्तरमा संचालित माध्यमिक तहको प्राविधिक शिक्षामा थप सहयोग र विस्तार गर्ने** | | | | | | |
| ३.१ | पोशाक, शिक्षा सामाग्री, विद्यालय शुलकहरुमा विशेष छुट | गाउँपालिका | विद्यालय | निरन्तर | १० | क |
| ३.२ | प्राविधिक शिक्षामा छात्रवृतिको व्यवस्थालाई विस्तार | गउँपालिका | शिक्षा शाखा | निरन्तर | २० | क |
| **कार्यनीति-४ उच्च तहको प्राविधिक शिक्षामा गरिब तथा जेहेन्दारहरुको पहुँच वृद्धि गर्ने** | | | | | | |
| ४.१ | प्रविधिक धारमा उच्च शिक्षामा छात्रवृत्ति प्रदान गर्न कोष | गाउँपालिका | शिक्षा शाखा | निरन्तर | २५ | क |
| ४.२ | प्राविधिक धारमा उच्च शिक्षा अध्यनरतलाई कर्जा सहायता | गाउँपालिका | शिक्षा शाखा | निरन्तर | | क |
| **कार्यनीति-५ श्रम र श्रमिकको सम्मान गर्ने संस्कृतिको विकास र बाल श्रमको अन्तय गर्न सचेतना अभियानमा गरिनेछ ।** | | | | | | |
| ४.१ | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन | गाउँपालिका | रो.से.के. | निरन्तर | ५ | क र ख |
| ४.२ | बाल श्रमको मुक्त वडा घोषणा | गाउँपालिका | सरोकारवाला | निरन्तर | ५ | क र ख |
| ४.३ | बाल श्रम सम्बन्धी सचेतना कार्यक्रम | गाउँपालिका | बालबालिका शाखा | निरन्तर | ५ | क |
| **रणनीति ३ वैदेशीक र आन्तरिक रोजगारीमा संलग्नहरुलाई सहायता** | | | | | | |
| **कार्यनीति-१ वैदेशीक रोजगार सम्बन्धी सेवा मुलक कार्यहरु स्थानिय तहबाटै प्रवाह गर्ने।** | | | | | | |
| १.१ | श्रम स्वीकृतीका लागि अन्लाइन आवेदन दिने | संघ र स्थानिय तह | रो.से.के. | निरन्तर | | ख |
| १.२ | बैदेशीक रोजगार सम्बन्धी सुचना प्रवाह गर्ने | संघ र स्थानिय तह | रो.से.के. | निरन्तर | | ख |
| १.३ | वैदेशीक रोजगारीमा गएकाहरु लाई संघिय मन्त्रालयले दिने सहायता सम्बन्धी सिफारिस | संघ र स्थानिय तह | रो.से.के. | निरन्तर | | ख |
| **कार्यनीति-२ वैदेशीक रोजगारीबाट आर्जित रकम र सिप स्थानिय तहमै परिचालनमा ल्याउन आवश्यक सहायता गर्ने ।** | | | | | | |
| २.१ | वैदेशीक रोजगारीमा गएका परिवारका महिलाहरुलाई व्यवसायमा संलग्न गराउने | गाउँपालिका | रो.से.के. | २वर्ष देखि | ५० | क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२ | त्यसरी व्यवसायमा संलग्नलाई सहायता र प्रोत्साहन | गाउँपालिका | रो.से.के. | ३वर्ष देखि | १० | क |
| २.३ | विदेशबाट फर्कि स्वरोजगारीमा संलग्नलाई सहायता | गाउँपालिका | रो.से.के. | निरन्तर | २० | क |
| **कार्यनीति-३.स्थानिय स्तरमा संलग्न श्रमिकहरुको सुरक्षाको लागि सचेतना कार्यक्रम र न्यूनतम सुरक्षा सामाग्रीहरुको उपलब्द्धतामा गराउने ।** | | | | | | |
| ३.१ | श्रमिकहरुको कार्यस्थलमा सुरक्षाको लागि सचेतना कार्यक्रम | गाउँपालिका | रो.से.के. | निरन्तर | ५ | क |
| ३.२ | न्यूनतम सुरक्षा सामाग्रीहरुको उपलब्द्धतामा | गाउँपालिका | रोजगारदाता | निरन्तर | ५ | क |
| **कार्यनीति-४ आन्तरिक रोजगारीमा आवद्ध श्रमिकहरुलाई न्यूनतम पारिश्रमिक सुनिश्चित र सामाजिक सुरक्षाको लागि सहकार्य र समन्वय गर्ने ।** | | | | | | |
| ४.१ | स्थानिय तहबाट नियूक्त कर्मचारी र अन्य कामदारहरुको न्यूनतम पारिश्रमिक सुनिश्चित गर्ने | गाउँपालिका | सरोकारवाला | निरन्तर | | क |
| ४.२ | ५ वर्ष भन्दा बढि सेवा गरेका श्रमिकहरुलाई सामाजिक सुरक्षाको लागि कोष खडा गर्ने | गाउँपालिका | रो.से.के. | २वर्ष देखि | ५० | क |
| ४.३ | रोजगार दाताहरुको खोजि | गाउँपालिका | सरोकारवाला | २वर्ष देखि | ५ | ख |
| **४.४ रणनीतिः लक्षित वर्गको रोजगारीमा पंहुच वृद्धि** | | | | | | |
| **कार्यनीति-१ न्युनतम रोजगारीको प्रत्याभुती गराउन समन्वय र सहकार्य गरिने छ।** | | | | | | |
| १.१ | प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम निरन्तरता | गाउँपालिका | रो.से.के. | निरन्तर | २०० | ख |
| १.२ | अध्यक्ष रोजगार कार्यक्रम संचालन | गाउँपालिका | रो.से.के. | २वर्ष देखि | ५० | क |
| **कार्यनीति-२ गरिब तथा अवसरबाट वंचित जनताहरुको न्यूनतम रोजगारीमा पंहुच बढाइने छ ।** | | | | | | |
| २.१ | बेरोजगार सुचिमा सुचिकृत भइ लक्षितको पंहुच बढाउन सुचनालाई प्रभावकारी रुपमा प्रसारण | रो.से.के. | वडा र रेडियो | निरन्तर | २ | क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२ | वडाका कर्मचारी तथा जनप्रतिनिधीलाई अभिमुखिकरण | रो.से.के. | सरोकारवाला | निरन्तर | ३ | क |
| **कार्यनीति-३ गरिबी तथा अवसरबाट वंचित भएको कारण सरकारी सेवामा प्रवेश गर्न नसकेका यूवाहरुलाई सेवा प्रवेशमा सहयोग गरिने छ ।** | | | | | | |
| ३.१ | लोकसेवा तथा शिक्षक सेवा तयारीका लागि छत्रवृती | गाउँपालिका | रो.से.के. | निरन्तर | २० | क |
| **कार्यनीति-४ उद्योग व्यवसाय गर्न इच्छुक लक्षित वर्गका यूवा तथा महिलाहरुलाई सरकारी, सहकारी र निजि क्षेत्रको परिचालनमा सहयोग गरिने छ ।** | | | | | | |
| ४.१ | लक्षित वर्गका यूवा तथा महिलाहरुलाई लगानीमा सहयोग | गाउँपालिका | उद्योग शाखा | २वर्ष देखि | २० | क |
| ४.२ | व्यसाय संचालनमा प्रोत्साहन | गाउँपालिका | उद्योग शाखा | ३वर्ष देखि | २ | क |
| ४.३ | उत्पादनलाई बजारिकरणमा सहयोग | गाउँपालिका | सरोकारवाला | ३वर्ष देखि | १० | क र ख |
| **कार्यनीति-५ स्वदेश तथा वैदेशिक श्रम बजारको माग बमोजिमको दक्ष जनशक्ति उत्पादन गर्न विशेष व्यवस्था गरिनेछ ।** | | | | | | |
| ५.१ | गरिब तथा अवसरबाट वंचितहरुको पंहुच वृद्धि गर्न सिप विकासमा विशेष अवसर प्रदान | गाउँपालिका | तालिम प्रदायक | निरन्तर | १० | क |
| **रणनीति ५. सामाजिक सुरक्षा तथा सुशासन पर्वद्धन** | | | | | | |
| **कार्यनीति-1 मौजुदा कानूनमा समयानुकुल परिमार्जन तथा आवश्यकता अनुसार नयाँ कानून तर्जुमा गरी कार्यान्वयन गरिने छ।** | | | | | | |
| १.१ | मौजुदा कानूनमा परिमार्जन तथा आवश्यकता अनुसार नयाँ कानून तर्जुमा | कार्यपालिका | सरोकारवाला | निरन्तर | २ | ख |
| १.२ | रोजगार रणनीतिको पुनरावलोकन | कार्यपालिका | सरोकारवाला | २वर्ष | २ | ख |
| १.३ | अध्यक्ष रोजगार कार्यक्रम कार्यविधी निर्माण | कार्यपालिका | सरोकारवाला | १ वर्षमा | | क |
| १.४ | स्थानिय सामाजिक सुरक्षा कोष संचालन कार्यविधी निर्माण | कार्यपालिका | सरोकारवाला | १ वर्षमा | | क |
| **कार्यनीति-२ रोजगारीसंग सम्बन्धीत सुचना, गुनासा तथा उजुरीहरु र कामको व्यवस्थापन गर्न प्रणालीको विकास गर्ने** | | | | | | |
| २.१ | सुचना, गुनासा तथा उजुरीहरु लाई सहज र सरल बनाउने | गाउँपालिका | रो से के | निरन्तर | | क |
| २.२ | सुचना, गुनासा तथा उजुरीहरु व्यवस्थापन गर्न प्रणालीको विकास | गाउँपालिका | सुचना शाखा | निरन्तर | ५ | क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.३ | संचालित कार्य र खर्च भएको रकमको व्यवस्थित अभिलेख राख्ने | गाउँपालिका | सरोकारवाला | निरन्तर | | क |
| **कार्यनीति-3 अनुगमन तथा मूल्यांकनलाई निरन्तर अगाडी बढाइनुका साथै सरोकारवालाहरुको सहभागिता अभिवृद्धि गरिनेछ** | | | | | | |
| ३.१ | अनुगमन तथा मुल्याङकनलाई प्रभावकारी रुपमा कर्यान्वयन | गाउँपालिका | सरोकारवाला | निरन्तर | | क |
| ३.२ | अनुगमन तथा मुल्याङकन सरोकारवालाको सहभागिता | गाउँपालिका | सरोकारवाला | निरन्तर | | क |
| ३.३ | मुल्याङ्कनबाट प्राप्त सुचनालाई पृष्ठपोषणको श्रपमा लिई कार्यान्वयन गर्ने | गाउँपालिका | सरोकारवाला | निरन्तर | | क |

## अनुसूची- ३

## (खण्ड ५ को बुदा ४(ख) संग सम्बन्धित)

| क्र. स. | नतिजा सूचक | एकाइ | आधार तथ्याङ्क | लक्ष्य (आ.व. अनुसार) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ८०/०८१ | ८१/०८२ | ८२/०८३ | ८३/०८४ | ८४/०८५ |
| १ | सिप विकास समबन्धी तालिम | जना | १०० | १०० | १५० | १५० | १५० | १५० |
| २ | बाल श्रम मुक्त वडा घोषणा | वटा | - | १ | ३ | ५ | ७ | ११ |
| ३ | सामाजिक सुक्षाकोषमा आवद्ध | जना | - | - | ५० | १०० | १३० | २०० |
| ४ | न्यूनतम रोजगारी सिर्जना | जना | २५० | ३०० | ३५० | ४०० | ४५० | ५०० |
| ५ | व्यवसायिक कृषक निर्माण | जना | ३१ | ५० | ७० | ८० | १०० | १५० |
| ६ | कृषितथा पशु तथा अन्य उत्पादन निर्यात | हजारमा | ५००० | ७००० | १०००० | १५००० | २०००० | २५००० |
| ७ | सहकारिका माध्यमबाट बचत परिचालन | लाखमा | १०० | २०० | २५० | ३०० | ३५० | ४०० |
| ८ | कृषक तथा व्यसायी र श्रमिकलाई सहायता | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५५ | ७० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | फलफुल, जडिबुटि र घाँस रोपन | हेक्टर | ५०० | ६०० | ७०० | ८०० | ९०० | १०० |
| १० | वार्षिक पर्यटक आगमन | जना | ३० | १०० | २०० | ३०० | ५०० | १००० |
| ११ | स्थानिय पुर्वाधारमा रोजगारी | जना | ५०० | ६०० | ७०० | ८०० | ९०० | १००० |
| १२ | प्राविधिक शिक्षामा पंहुच | विध्यार्थी | ३०० | ३३० | ३७० | ४२० | ४५० | ५०० |
| १३ | उच्च शिक्षा तथा सेवा प्रवेश छात्रवृती | जना | - | ५ | १० | १५ | २५ | ३० |
| १४ | व्यवसायिक कृषि तथा पशु फार्म | वटा | ११ | १५ | १७ | २० | २२ | २५ |
| १५ | सरकारी गैर सरकारी र निजी क्षेत्रमा रोजगारी | जना | १५०० | १६५० | १७०० | १७५० | १८०० | १८५० |
| १६ | उद्योग तथा व्वसायमा संलग्न | जना | ५०० | ५५० | ६०० | ६५० | ७०० | ७५० |
| १७ | वार्षिक ५०हजार कम आम्दानी | परिवार | ८०० | ७५० | ७०० | ६५० | ६०० | ५०० |
| १८ | वैदेशीक रोजगारीमा गएका | जना | ५३३ | ५३३ | ५३३ | ५३३ | ५३३ | ५३३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | जील्ला देखि माथि प्रतिनिधित्व गर्ने खेलाडी | जना | ७ | १० | १५ | २० | ३० | ४० |
| २० | बन क्षेत्र तथा हरियाली | हे. | ७३७० | ७३७० | ७३८० | ७४०० | ७४२० | ७४५० |
| २१ | वार्षिक आन्तरिक आय | लाख | १५० | १६० | १९० | २३० | २८० | ३५० |

**सानीभेरी गाउँपालिकाको रोजगार रणनीतिको उपेक्षित नतिजा तालिका**

आज्ञाले
दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत